नेपाल सरकार
शहरी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## शहरी विकास मन्त्रालय
## पदाधिकारी सिफारिस समितिको सचिवालय
## अधिकार सम्वपन्न वागमती सभ्यता एकीकृत विकास समितिको कार्यकारी समितिको अध्यक्ष पदका लागि आवेदन मागको सूचना सूचना

**प्रकाशन मितिः २०८०।०७।२४**

यस मन्त्रालय सम्बद्ध अधिकार सम्वपन्न वागमती सभ्यता एकीकृत विकास समितिको कार्यकारी समितिको अध्यक्ष पदमा खुला प्रतियोगिताबाट पूर्ति गर्नु पर्ने भएकाले अधिकार सम्वपन्न वागमती सभ्यता एकीकृत विकास समिति गठन आदेश (संशोधन सहित),२०७३ र "शहरी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीहरूको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६" बमोजिमको योग्यता पुगेका इच्छूक उम्मेद्वारहरुवाट यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र कार्यालय समय भित्र तोकिए बमोजिमको ढाँचामा दरखास्त पेश गर्नुहुन निर्देशिकाको दफा १० बमोजिम यो सूचना प्रकाशन गरिएको छ । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन दरखास्त फाराम पेश गर्न सकिनेछ ।

**१. आवश्यक योग्यताः**

मान्यताप्राप्त विश्वविद्यालयबाट विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला, साहित्य, जनप्रशासन, समाजशास्त्र, मानवशास्त्र विषय लिई कम्तीमा स्नातक उत्तीर्ण गरेको अनुभवी व्यक्ति ।

**२. पारिश्रमिक तथा सुविधाहरूः**

नेपाल सरकारबाट तोकिए बमोजिम

**३. दरखास्त फाराम साथ संलग्न राख्नुपर्ने कागजातहरूः**

क. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
ख. शैक्षिक प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि
ग. व्यक्तिगत विवरण
घ. अनुभव खुल्ने कागजातहरूको प्रमाणित प्रतिलिपि
ङ. अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति सुधारको व्यवसायिक कार्ययोजना (५ हजार शब्दमा नबढाइ) छुट्टै शिलबन्दी खाममा ।

**नोटः** दरखास्त फाराम शहरी विकास मन्त्रालय (कर्मचारी प्रशासन शाखा) मा बुझाउनुपर्नेछ । फारामको ढाँचा वा अन्य आवश्यक जानकारीका लागि (कार्यालय समयभित्र ०४२११८७६) मा सम्पर्क गर्न सकिनेछ।विस्तृत जानकारी मन्त्रालयको वेबसाइट www.moud.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

**द्रष्टव्यः** अन्तर्वार्ता हुने मिति, समय र स्थान उम्मेदवारको अन्तिम सूची प्रकाशन गर्दा तोकिने छ ।

-पदपूर्ति समिति

शाखा अधिकृत